annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १३६ पृष्ठ ८ | काठमाडौं, शुक्रबार २८ भदौ २०८१ | भाद्र शुक्लपक्ष दशमी नेपाल संव [illegible] 13, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

माओवादीको १९,८२,१५३ मत कहाँ गयो ?

१५ वर्षको अवधिमा माओवादीले १९ लाख ८२ हजार १ सय ५३ मत गुमाएको छ। यही तथ्यांकले भन्छ- 'माओवादीको यात्रा निरन्तर ओरालोतर्फ छ।' पछिल्ला दुई निर्वाचनमा अरू दलसँग गठबन्धन गरेर तेस्रो स्थानमा पुगेको माओवादीका लागि अबका दिन पनि निकै कठिन देखिन्छन्। किनभने, कांग्रेस र एमालेले अब कसैसँग गठबन्धन नगरी एक्लाएक्लै चुनाव लड्ने निर्णय गरिसकेका छन्। त्यस्तो अवस्थामा एक्लै चुनाव लड्दा पार्टीको आकार निकै खुम्चिने भन्दै माओवादीका नेता चिन्तित छन्।

समाचार पृष्ठ २

राजकरण महतो | काठमाडौं
– को रिपोर्ट



अख्तियारले सम्पत्ति शुद्धीकरणमा हाल्यो पहिलो मुद्दा

सुरेन्द्र काफ्ले | *काठमाडौं*

लुम्बिनी विकास कोषका तत्कालीन योजना प्रमुख इन्जिनियर सरोज भट्टराईले आमा जनक नन्दनी भट्टराईको नाममा २ रोपनी ११ आना १ पैसा १ दाम जग्गा किनेका थिए। तर, उक्त जग्गा घूसबापतको रकमबाट किनेको अख्तियारको दाबी छ।

कोषमा कार्य गरिरहेका निर्माण कम्पनीबाट घूस लिएर ०७९ वैशाख २७ मा भट्टराईले आमाको नाममा भक्तपुर गुण्डु वडा नं.३ स्थित कि.नं. १३७४, क्षेत्रफल २-९-०-१ र कि.नं.१३७५, क्षेत्रफल ०-२-१-० को जग्गा खरिद गरेको अख्तियारको आरोप छ। कोषमा काम गरिरहेका बाबुल निर्माण सेवा एकल र अर्घाखाँची-बाबुल जेभीबाट १ करोड ८५ लाख घूस लिएको रकमबाट त्यो जग्गा किनिएको अख्तियारको अनुसन्धानमा देखिएको छ।

लुम्बिनी विकास कोषबाट बोलपत्र आह्वान भई बाबुल निर्माण सेवाले एकल तथा जेभीमा बोलपत्र प्रस्ताव गरी आर्थिक वर्ष २०७५/०७६ भन्दा पछि ५ करोड वा सोभन्दा बढी सम्झौता रकमका १ अर्ब ३७ करोड २५ लाख ९७ हजार ६०३ रुपैयाँ बराबरका ठेक्का पाएका थिए।

» बाँकी पृष्ठ ६

यचुरीको निधन, नेपालले गुमायो असल मित्र

रामकला खड्का | *काठमाडौं*

भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी)का महासचिव सीताराम यचुरीको बिहीबार ७२ वर्षको उमेरमा निधन भएको छ। उनी दिल्लीस्थित एम्स अस्पतालमा श्वासप्रश्वास संक्रमण समस्यामा उपचार गराइरहेका थिए। यचुरी नेपालसँग नजिक रहेका कम्युनिस्ट नेता मानिन्छन्।

उनको स्वास्थ्यमा समस्या देखिएपछि गत अगस्ट १९ तारिखमा उनलाई अस्पतालको इमर्जेन्सी वार्डमा भर्ना गरिएको थियो। स्वास्थ्यस्थिति बिग्रँदै गएपछि उनलाई आईसीयूमा सारिएको बताइन्छ। उनको केही समय अगाडि मोतियाबिन्दुसम्बन्धी शल्यक्रिया पनि गरिएको थियो। यचुरीका श्रीमती, एक छोरा र एक छोरी छन्। उनका जेठा छोरा आशिष यचुरीको सन् २०२१ मा कोभिड-१९ बाट मृत्यु भएको थियो।

विश्वस्तरीय नेता मानिने यचुरी केही दशकयता भारतको राजनीतिमा प्रमुख व्यक्तित्वका रूपमा चिनिन्थे। विश्व कम्युनिस्ट आन्दोलनमा एक सशक्त हस्तीको रूपमा गनिने उनी पश्चिम बंगालबाट सन् २००५ देखि २०१७ सम्म राज्यसभा सदस्य रहे।



उनको अन्तिम उपस्थिति अस्पतालबाट रेकर्ड गरिएको एक भिडियोका रूपमा सामाजिक सञ्जालमा छाएको थियो। उक्त भिडियोमार्फत अगस्ट २२ तारिखमा उनले गत महिना निधन भएका आफ्ना साथी पश्चिम बंगालका पूर्वमुख्यमन्त्री बुद्धदेव भट्टाचार्यलाई श्रद्धाञ्जलि अर्पण गरेका थिए। आफू अस्पतालमा भएकाले अन्तिम संस्कारमा भाग लिन नसकेको भन्दै यचुरीको ६ मिनेट लामो उक्त भिडियो सार्वजनिक भएको थियो।

उनको मृत्युमा शोक व्यक्त गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यचुरीलाई 'वामपन्थीको अग्रणी प्रकाश'को संज्ञा दिए। 'सीताराम यचुरी जीको निधनबाट दुखी छु। उहाँ वामपन्थीको एक अग्रणी प्रकाश हुनुहुन्थ्यो र राजनीतिक स्पेक्ट्रममा जोडिने क्षमताका लागि परिचित हुनुहुन्थ्यो। उहाँले एक प्रभावशाली सांसदको रूपमा पनि छाप छाड्नुभयो', प्रधानमन्त्री मोदीले ट्वीट गरेका छन्।

त्यसैगरी राष्ट्रपति द्रौपदी मुर्मुले यचुरीलाई छुट्टै र प्रभावशाली आवाज भएको व्यक्तित्व बताउँदै उनको निधनप्रति शोक व्यक्त गरिन्। उनको निधनप्रति दु:ख व्यक्त गर्दै प्रमुख विपक्षी दलका नेता राहुल गान्धी र पूर्वप्रतिद्वन्द्वी ममता बेनर्जीसहित धेरै राजनीतिज्ञहरूले श्रद्धाञ्जलि दिएका छन्। नेता यचुरीको नेपालसँग पनि निकटतम् सम्बन्ध रहेको पाइन्छ। नेपालमा पञ्चायतविरुद्ध लोकतन्त्रको संघर्ष हुँदादेखि नै नेता यचुरीको समर्थक रहेको पूर्वराजदूत लोकराज बरालले बताए। नेपालसम्बन्धी मामलामा चासो राख्ने यचुरी नेपालका लागि एकमित्र भएको उनको भनाइ छ। नेपालको परिवर्तन र सात पार्टी गठबन्धनमा पनि यचुरीले महत्वपूर्ण भूमिका निभाएका उनले बताए।

» बाँकी पृष्ठ ६

'सिट क्षमताभन्दा बढी यात्रु नचढाउनू'

काठमाडौं (अन्नपूर्ण) : सर्वोच्च अदालतले सार्वजनिक यातायातका साधनमा रहेको सिट क्षमताभन्दा बढी यात्रु नचढाउन अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ। न्यायाधीश अब्दुल अजीज मुसलमानको एकल इजलासले निर्धारित सिट क्षमताभन्दा बढी यात्रुलाई सार्वजनिक सवारीमा नचढाउन र सवारीभित्र यात्रुको इच्छाविपरीत ठूलो स्वरमा म्युजिक सिस्टम नबजाउन मंगलबार अल्पकालीन अन्तरिम आदेश दिएको हो। टंकप्रसाद भट्टराईलगायतले दायर गरेको रिट निवेदनमा सुनुवाइ गर्दै सर्वोच्चले छलफलका लागि दुवै पक्षलाई बोलाएको छ।

रिट निवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, गृह मन्त्रालय, यातायात व्यवस्था विभाग, काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय लगायतलाई विपक्षी बनाइएको छ।

चिनियाँ बजारमा नेपालीमाथि दुर्व्यवहार

शिव उप्रेती | *गोरखा*

लामो समयपछि नाका खुलेकोमा खुसी हुँदै चिनियाँ बजार 'स्याक' गएका चुमवासीहरूले चिनियाँ सुरक्षाकर्मी र व्यापारीबाट अपमान खेप्नु परेको छ। धेरै युवाहरूले चिनियाँ सुरक्षाकर्मीको कुटपिट र दुर्व्यवहार भोग्नुपरेको गुनासो गरे।

चुमनुब्री गाउँपालिका-१ स्थित रुइला नाका भदौ ५ गतेदेखि खुलेको थियो। यस्तै, वडा नं. ७ स्थित डुइला नाका ४ गतेदेखि थोरै समयका लागि खुल्ला भएको थियो। रुइला नाका २० दिन खुलेर गत सोमबारदेखि बन्द भइसकेको छ। एक महिनाका लागि भन्दै ४ गतेदेखि खुल्ला गरिएको डुइला नाका भने अझै केही दिन चल्दै छ।

सपिङ मलमा भीडभाडको वातावरण बनाएर म्याद गुज्रिएको सामान भिडाएर पठाएको स्थानीयको गुनासो छ। 'कोभिडभन्दा अगाडि त हामी जोङ्गा सहरसम्म पुग्थ्यौं। यसपटक जम्मा दुईघण्टाको बाटो टाढाको 'स्याक'सम्म मात्र जान पायौं, त्यहाँबाट फर्केर आएका दोर्जे लामाले भने, 'नाकामा बस्ने सुरक्षाकर्मीले को-को आए भनेर फोटो खिचेर स्याकमा रहेका सुरक्षाकर्मीलाई पठाउँथे। स्याक पुगेपछि त्यहाँको ठूलो सपिङ मलजस्तो घरमा लगेर ढोका बन्द गरेर राखिदिन्थे। कोही बाहिर निस्कन खोजे भने हातपात गर्थे। बाटोमा हिँड्दा कोही यताउता हिँडे भने पनि हातपात गर्थे। एकदम दबाबमा राख्थे।'

कसैले मोबाइल चलाउँदा दलाइ लामाको फोटो देखियो भने पनि दुर्व्यवहार गर्ने गरेको

चिनियाँ बजारमा सामान खरिद गरी फर्केका चुमवासीहरू। ● अन्नपूर्ण

उनले गुनासो गरे। सामानको मूल्य पनि दिनदिनै बढाउने गरेको र पसल छानिछानी सामान किन्न पनि नपाएको गुनासो अर्का स्थानीय कर्साङ लामाको छ। 'गाउँका धेरै युवाहरूले चिनियाँ सुरक्षाकर्मीको कुटाइ खाए', उनले भने, 'एउटा ठूलो हलभित्र लगेर छोडिदिए। जेलमा हालेजस्तो बाहिर निस्किन पनि नपाइने। सामानको भाउ पनि मनपरी बढाउँथे। पसल छानिछानी किनूँ भने पनि अरू पसलमा जान पाइएन्।' चुमवासीले लगेका अलिअलि जडिबुटीहरू पनि राम्रो भाउमा बेच्न नपाएको उनको गुनासो छ।

'बाहिर निस्किन नपाएपछि सामान किन्दा पनि प्रतिस्पर्धा गर्न पाइएन, यताबाट लगेको जडिबुटी पनि प्रतिस्पर्धा गरेर बेच्न पाइएन। उनीहरूकै भाउमा किन्नुपर्ने, बेच्नुपर्ने बाध्यतामा परियो।' पुराना हिसाब पनि मिलाउन नपाएको गुनासो उनको थियो।

'हाम्रो गाउँलेसँग पैसा उठाउनु पर्ने चिनियाँ साहुहरूचाहिँ हामीलाई भेट्न आए तर हाम्रो गाउँलेले पैसा उठाउनुपर्ने उताका मान्छे भेट्न जानचाहिँ पाइएन', दोर्जे लामा भन्छन्, 'हामी यसपालि धेरै अन्यायमा परेको जस्तो लाग्यो। हाम्रो जनप्रतिनिधिले यो अन्यायका बारेमा बोलेनन्। त्यसैले धेरै हेपाइ खाइयो।' बाहिर निस्केर अन्यत्र व्यापारी र अरू वडाका बजारमा किनमेल गर्न नदिइएकोप्रति उताकै अरू वडा र अरु व्यापारीहरूले बिरोध गरेका उनले बताए। चिनियाँकै याकचौंरीमा बोक्न बाध्य पारिएको प्रति पनि स्थानीयवासीको गुनासो छ।